५) सावकिदेखि बैंक खाता भइ रहेका अवस्थामा बाहेक पचास हजारभन्दा कम लागतका योजनाको आर्थिक कारोवारको लागि बैंक खाता आवश्यक पर्ने छैन ।

**१३) योजनाको रकम भुक्तानी प्रकृया**

गाँउपालिका र उपभोक्ता समिति वीच भएको सम्झौता वमोजिम योजनाको कार्य सञ्चालनका लागि अग्रिम रुपमा कुनै पेश्की दिइनेछैन । गाँउपालिकाले कामको मूल्यांकन गरी देहायका आधारमा रकम भुक्तानी दिनेछ:

१) उपभोक्त समितिले सम्झौता बमोजिम कार्य शुरु गरी सम्बन्धित प्राविधिकको मूल्यांकनका आधारमा गरेको कामको मात्र भुक्तानी दिइने छ । यस्तो भुक्तानी ३ चरणमा दिइने छ । पहिलोपटक ३३ प्रतिशत, दोस्रो पटक ३३ प्रतिशत र अन्तिममा ३४ प्रतिशत भुक्तानी दिइने छ । त्यसरी भुक्तानी दिंदा उपभोक्ता समितिको माग निवेदन, नापी कितावं, उपभोक्ता समितिको निर्णय, अनुगमन समितिको सिफारिस समेत पेश गर्नु पर्नेछ ।

२) योजनाको अन्तिम भुक्तानीको हकमा सम्वन्धित प्राविधिकबाट गरिएको कामको मुल्याङ्कनको अन्तिम विल, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णयहरु, अनुगमन समितिको सिफारिस, सार्वजनिक लेखा परीक्षण प्रतिवेदन साथ राखी उपभोक्ता समितिको तर्फबाट अध्यक्ष र कोषाध्यक्षले कागजात प्रमाणित गरी पेश गरेपछि गाँउपालिकाबाट योजना मुल्याङ्कन, जाँचपास फरफारक र योजना हस्तान्तरण समेत गरी अन्तिम भुक्तानी दिइनेछ । त्यसरी जाँचपास फरफारक गर्न केही समय लाग्ने भएमा १०% सम्मको रकम कट्टा गरी पछि जाँचपास फरफारक भएपछि भुक्तानी दिने गरी मूल्याङ्कनको आधारमा भुक्तानी दिन सकिनेछ ।

३) तर एकै पटक कार्य सम्पन्न गरी उपरोक्त कागजातसाथ पेश भएमा एकमुष्ठ भुक्तानी गर्न सकिनेछ ।

वा

गाँउपालिका र उपभोक्ता समिति वीच भएको सम्झौता वमोजिम योजनाको कार्य संचालनका लागि कामको प्रकृति हेरी अग्रिम रुपमा कार्य योजना बनाइ सो को आधारमा गाँउपालिका वा सम्वन्धित निकायले लागत व्यहोर्ने कुल अंकको ३३ % रकम पहिलो किस्ताको रुपमा पेश्की स्वरुप उपलब्ध गराउन सक्ने छ । सो वाहेक अन्य किस्ता तथा तथा अन्तिम भुक्तानी देहायको आधारमा उपभोक्ता समितिले प्राप्त गर्नेछ ।

१) प्रथम किस्ता स्वरुप पेश्की लिई काम शुरु गरेपछि दोस्रो तथा तथा तेश्रो किस्ताको वापतको रकम पुन : पेश्की दिईने छैन । त्यस्तोमा सम्वन्धित प्राविधिकबाट पेश गरेको कामको मुल्याङ्कन रनिङ्ग विल अनुसारको रकम पेश्की कटाई थप ३३ % सम्म भुक्तानि दिईनेछ । त्यसरी भुक्तानि दिंदा उपभोक्ता समितिको माग निवेदन, नापी किताव, उपभोक्ता समितिको निर्णय, अनुगमन समितिको सिफारिस समेत पेश गर्नु पर्नेछ ।

२) योजनाको अन्तीम भुक्तानिको हकमा सम्वन्धित प्राविधिकबाट गरिएको कामको मुल्याङ्कनको अन्तिम विल, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णयहरु, अनुगमन समितिको सिफारिस, सार्वजनिक लेखा परीक्षण प्रतिवेदन साथ राखी उपभोक्ता समितिको तर्फबाट अध्यक्ष र कोषाध्यक्षले कागजात प्रमाणित गरी पेश गरेपछि गाँउपालिकाबाट योजना मुल्याङ्कन,जाँचपास फरफारक गरी दोस्रो किस्ताको पेश्की फस्यौट

केशव चन्द पाँनेथा
गाउँपालिका अध्यक्ष